# लोक सेवा आयोग

नेपाल न्याय सेवा, न्याय/सरकारी वकील समूह, राजपत्राङ्कित प्रथम श्रेणी,
सहसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा
मितिः २०८०/९/१

समयः ३ घण्टा | पूर्णाङ्कः १००

## पत्रः तृतीय

## बिषयः कानून र न्याय प्रशासन (Law and Administration of Justice)

<u>तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।</u>

१. नेपालमा फौजदारी मुद्दाको अभियोजन तथा प्रतिरक्षा गर्ने अधिकार सरकारी वकीलमा रहेको छ । राज्यको प्राथमिक कार्यको रूपमा रहने व्यक्तिका हक, अधिकारको संरक्षण गर्ने, मुलुकमा शान्ति सुरक्षा र अमनचयन कायम गर्ने कार्यमा पनि सरकारी वकीलको भूमिका महत्वपूर्ण मानिन्छ । यस अर्थमा सरकारी वकीललाई सरकारको प्रमुख कानूनी सल्लाहकार, सरकारवादी मुद्दाको अनुसन्धान, अभियोजन तथा प्रतिरक्षामा मात्र नभएर व्यक्तिका संविधान, कानून प्रदत्त हक अधिकारको संरक्षकको रूपमा समेत लिने गरिन्छ । तसर्थ, कुनै पनि फौजदारी मुद्दाको अभियोजन तथा प्रतिरक्षा गर्दा व्यक्तिलाई संविधान प्रदत्त न्याय सम्बन्धी हक तथा अपराध पीडितको हक दुबैको सम्मान गर्नुपर्दछ । फौजदारी कसूरलाई राज्य विरूद्धको कसूरको रूपमा लिइने भए तापनि  वास्तविक पीडित भने व्यक्ति, परिवार नै रहेको हुन्छ । फौजदारी मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने अन्तिम अधिकार सरकारी वकीलमा रहेको अवस्थामा सरकारी वकीलले मुद्दा नचलाएमा वा अदालतमा अभियोजन भई विचाराधीन रहेको अवस्थामा मुद्दा फिर्ता लिएमा वा कमजोर प्रतिरक्षा गरेमा वास्तविक पीडित न्याय विमुख हुनुपर्ने अवस्था आउँछ भने मुलुकको शान्ति, सुरक्षा, अमनचयन कायम गर्न बाधा पुग्ने र अपराधिक प्रवृत्तिले प्रश्रय पाउने साथै दण्डविहिनताको अवस्था समेत आउँदछ ।

विगत केही समय यता नेपालको फौजदारी मुद्दाको अभियोजन र प्रतिरक्षाका सम्बन्धमा विभिन्न प्रश्नहरू उठ्ने गरेको सुनिन्छ । कतिपय राजनैतिक व्यक्तिहरू र राजनीतिको आडमा गरिने कसूरमा अभियोजन नै नहुने वा कमजोर प्रतिरक्षा हुने, प्रभावशाली व्यक्ति र सामान्य व्यक्ति अभियुक्त वा पीडित भएकोमा समान रूपमा प्रतिरक्षा नगरिने जस्ता गुनासा पनि सुन्नमा आउँदछन् । यसैगरी फौजदारी मुद्दामा प्रतिवादीका तर्फबाट प्रतिनिधित्व गर्ने कानून व्यवसायीको तुलनामा सरकारी वकीलको योग्यता, क्षमता र व्यावसायिक आचरणको विषयमा पनि प्रश्न उठ्ने गरेको पाइन्छ । परिणामतः विपक्षी कानून व्यावसायीको तुलनामा सरकारी वकीलको मुद्दाको प्रतिरक्षा कमजोर रहेको भनिन्छ । ठूला-ठूला भ्रष्टाचारजन्य कसूर, अन्तर्देशीय संगठित अपराध, विद्युतीय वा कम्प्युटरजन्य कसूर (Cyber or Computer Related Offences), बैंकिङ्ग कसूर, मुद्रा शुद्धिकरण (Money Laundering) का कसूर, वन्यजन्तु, दुर्लभ जनावर, लागूऔषध, हातहतियार, बहुमूल्य धातु आदिको तस्करी सम्बन्धी कसूरको अभियोजन, प्रतिरक्षाको अवस्था अझ निराशाजनक रहेको पाइन्छ । तथ्याङ्कले पनि सरकारी मुद्दाको सफलताको प्रतिशत उत्साहजनक भएको देखाउँदैन ।

यस पृष्ठभूमिको आधारमा सरकारबादी फौजदारी मुद्दाको प्रतिरक्षाको अवस्थाको समीक्षा गर्दै मुद्दामा बहस पैरवीको व्यवस्थापन, बहसकलासहित प्रतिरक्षामा रहेका कमीकमजोरी तथा अन्तर्निहित समस्याहरू पहिचान गरी त्यसमा गरिनुपर्ने सुधारका बारेमा सुझाब प्रस्तुत गर्नुहोस् । २५

२. नेपालको न्यायपालिकाले स्वतन्त्र न्यायपालिका सम्बन्धी अवधारणा र मूल्य-मान्यतालाई अनुशरण गरी संविधान, कानून र न्यायका मान्य सिद्धान्तप्रति प्रतिबद्ध रही आफ्नो कार्यसम्पादन गर्दै आएको छ । न्यायपालिकाका काम कारवाहीलाई प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि न्यायपालिकाले रणनीतिक योजनाको निर्माण गरी योजनाबद्ध कार्यान्वयनको प्रयास गर्दै आएको छ ।

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको परिकल्पना गरेको छ । न्याय प्रशासनलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र उत्तरदायी बनाउने संविधानको निर्देशक सिद्धान्तमा समेत उल्लेख भएको छ । न्यायिक सुधारका प्रयासहरूलाई योजनाबद्धढंगबाट अगाडि नबढाएसम्म न्याय

क्रमशः

सम्पादनको कार्यलाई छिटोछरितो, प्रभावकारी एवं कम खर्चिलो र सहज पहुँचयुक्त बनाउन सकिँदैन भन्ने सोँच र दृष्टिकोणका साथ न्यायपालिकामा वि.सं. २०६१ सालदेखि सुधारको प्रयास थालनी भएको हो । हालसम्म पहिलो (२०६१/६२-२०६५/६६), दोश्रो (२०६६/६७-२०७०/७१) र तेश्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७०/७१-२०७५/७६) कार्यान्वयन भई योजनाबद्ध सुधारको यात्राले १५ वर्ष पार गरिसकेको छ । हाल चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६/७७-२०८०/८१) कार्यान्वयनमा रहेको छ । योजनाबद्ध विकासले १५ वर्ष पार गरिसकेको भए तापनि योजना कार्यान्वयनको क्रममा केही समस्या, चुनौति र कठिनाईहरू समेत देखापरेका छन् ।

तेश्रो रणनीतिक योजनाले निर्धारण गरेको न्याय सम्पादनको कार्यलाई छिटोछरितो तुल्याउने पहिलो लक्ष्यमा ६५.५७ प्रतिशत, न्यायिक प्रक्रियालाई अनुमानयोग्य बनाउने दोश्रो लक्ष्यमा ४७.२७ प्रतिशत, न्याय प्रणालीलाई पहुँचयोग्य बनाउने तेश्रो लक्ष्यमा ९०.७४ प्रतिशत, न्यायपालिकाप्रति आस्था र विश्वास अभिबृद्धि गर्ने चौथो लक्ष्यमा ८५.१४ प्रतिशत प्रगति गरी यस रणनीतिक योजनाको समग्र प्रगति ७२.२७ प्रतिशत रहेको देखिन्छ ।

उपर्युक्त तेश्रो रणनीतिक योजनाको प्रगति र माथि उल्लिखित विषयहरूको आलोकमा यस रणनीतिक योजनाको मूल्याङ्कन गर्नुहोस् । साथै न्याय सम्पादनको कार्यलाई छिटोछरितो र गुणस्तरीय बनाउँदै न्यायमा सहज पहुँच, न्यायिक सुशासन र जनआस्थामा अभिबृद्धि कसरी गर्न सकिन्छ? सृजनात्मक एवं नवीनतम विचारहरूसहित मौलिक सुझावहरू प्रस्तुत गर्नुहोस् । २५

३. वि.सं. २०२२ सालदेखि नै सार्वजनिक चासोको रूपमा परेको मुद्दालाई अदालतले हकदैया वा अन्यथा आधारमा पन्छाउन नमिल्ने भनी सर्वोच्च अदालतको पहिलो न्यायिक व्याख्याबाट शुरूवात भएको सार्वजनिक सरोकारको विवादको निरोपण प्रणाली (Public interest litigation adjudication system) नेपाल अधिराज्यको संविधान, २०४७ देखि प्रचलित नेपालको संविधानको प्रयोग र अभ्यासको क्रममा समृद्ध विधिशास्त्रको रूपमा स्थापित भइसकेको छ । प्रचलित नेपालको संविधानले उच्च अदालतलाई पनि यस्ता विवादको निरोपण गर्ने क्षेत्राधिकार प्रदान गरेको छ । सर्वोच्च अदालतले केही महत्वपूर्ण मुद्दाहरूमा सार्वजनिक सरोकारका विवाद अन्तर्गत समेटिने विषयवस्तु र आफ्नो अधिकार क्षेत्रको दायरालाई सीमाङ्कन पनि गरेको पाइन्छ । तदनुरूप अदालतका नियमावलीमा केही नवीनतम कार्यविधिगत व्यवस्थाहरूसमेत समावेश गरिएका छन् । यसबाट अदालतको कामको दायरालाई व्यवस्थापन गर्न सहज भएको र जनआस्था अभिबृद्धिमा सकारात्मक प्रभाव परेको भन्ने गरिएको छ ।

यसको अर्को पक्ष हेर्दा अदालतमा सार्वजनिक विवादको बढ्दो प्रवेशले परम्परागत मुद्दा वा विवादको व्यवस्थापन र न्यायिक निरोपणमा प्रतिकूल असर पुगेको, लोकप्रियतामुखी (Popularity oriented), राजनीतिक स्वार्थमुखी (Political interest oriented), दातृ निकाय समर्थित र प्रायोजित सरकारमाथि अदालती बोझ बढिरहेको भन्ने जस्ता टिप्पणीहरू पनि सुनिने र सोही अनुरूपको अनुभूतिसमेत भइरहेको पाइन्छ । त्यसै गरी यस प्रकृतिका विवादमा अदालतबाट भएका आदेश र निर्देशनको पालना र कार्यान्वयन पनि हुन नसकेको भन्ने आम गुनासो रहेको छ ।

यस सन्दर्भमा देहायका प्रश्नहरूमा सटिक, तर्कपूर्ण, विश्लेषणात्मक र सृजनात्मक जवाफ दिनुहोस् । ७+१०+८=२५

क) सार्वजनिक सरोकारका विवाद (Public interest litigation) को विधिशास्त्रीय अवधारणामाथि चर्चा गर्दै यसभित्र समेटिने खास विषयवस्तुका सम्बन्धमा विवेचना गर्नुहोस् ।

ख) नेपालमा सार्वजनिक सरोकारजन्य विवादको व्यवस्थापन र न्यायिक अभ्यास कसरी भइरहेको छ? केही प्रमुख मुद्दाहरूमा सर्वोच्च अदालतबाट गरिएको व्याख्या र प्रतिपादित सिद्धान्तसमेत संक्षेपमा उल्लेख गर्नुहोस् ।

ग) सार्वजनिक सरोकारका विवादको व्यवस्थापन, न्यायिक निरोपण र कार्यान्वयन प्रणालीलाई अझै समृद्ध, संस्थागत, व्यावहारिक र सेवाग्राहीमुखी बनाउन गरिनुपर्ने प्रबन्ध र प्रयासका सम्बन्धमा व्यवहारपयोगी र कार्यान्वयनयोग्य सुझाव प्रस्तुत गर्नुहोस् ।

क्रमशः

४. जलवायु परिवर्तन (Climate Change) वर्तमान विश्वका लागि सर्वाधिक चासोको मुद्दा हो । विश्वव्यापी हरितगृह ग्याँस उत्सर्जनमा न्यून योगदान रहे पनि समग्र पृथ्वी, जीवन र जीविकोपार्जनमा गम्भीर ढङ्गले प्रतिकूल प्रभाव पार्दै लगेको जलवायु परिवर्तनको घटनाले यतिबेला सबैभन्दा बढी मर्का नेपालजस्ता अति कम विकसित देशहरूलाई परेको छ । त्यसमा पनि हिमालय वरपर र समुद्रतटीय क्षेत्रमा अवस्थित देशहरू बढी जोखिममा रहेका छन् ।

सन् १९९२ मा पारित भई १९७ राष्ट्र सहभागी रहेको जलवायु परिवर्तन महासन्धि (UNFCCC) को शुरूदेखि नै नेपाल पक्ष राष्ट्र रहिआएको छ । त्यस्तै, नेपालले सन् २००५ मा क्योटो अभिसन्धि र सन् २०१५ मा पेरिस सम्झौतालाई समेत अनुमोदन गरिसकेको छ ।

जलवायु परिवर्तनका मुद्दालाई अन्तर्राष्ट्रियस्तरमा उठाइरहँदा नेपालले राष्ट्रियस्तरमा पनि जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणको दिशामा थुप्रै नीतिगत, कानूनी तथा संस्थागत संरचना एवं वित्तीय व्यवस्था र कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गरेको छ । नेपालको संविधानले प्राकृतिक श्रोतमाथि नागरिकको मौलिक अधिकार तथा प्राकृतिक श्रोतको संरक्षण र व्यवस्थापनमा तीनवटै तहका सरकारका एकल र साझा सूचीमार्फत् व्यवस्थित गरेको छ । जलवायु परिवर्तनको एजेन्डालाई तीनै तहका सरकारका नीति तथा कार्यक्रममा समावेश गरी आन्तरिकीकरण गर्दै लगिएको छ । त्यसै गरी नेपालले महासन्धिकै प्रावधान अनुकूल हुने गरी जलवायु उत्थानशीलता अभिबृद्धि गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली, २०७७, स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका, २०७६, जलवायु उत्थानशील योजना तथा बजेट तर्जुमा निर्देशिका, २०७७ र जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना, २०७७-२०८७ तर्जुमा गरी लागू गरिएको छ । यसरी नेपालले जलवायु परिवर्तन महासन्धिको कार्यान्वयनमा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा सबैले सजिलै सुन्न र देख्न सकिने गरी इमान्दार प्रयत्न गरिरहेको स्पष्ट हुन्छ । जलवायु परिवर्तन संरचना महासन्धिकै बारेमा कुरा गरिरहँदा नेपालले विशेष ध्यान दिनुपर्ने क्षेत्र भनेको जलवायु वित्त (Climate Finance), आधुनिक प्रविधि र अरूले हासिल गरेका असल अभ्यास, ज्ञान र सीप नै हुन् । यी तीनै क्षेत्रलाई जलवायु न्याय (Climate Justice) को अभिन्न अंगको रूपमा मान्यता दिँदै यिनीहरूसम्मको निर्बाध पहुँचको लागि नेपालले आफ्नो दाबी सशक्त ढंगले प्रस्तुत गरे पनि यस दिशामा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन ।

जलवायु परिवर्तनको मुद्दामा कबोल गरिएको वित्तीय दायित्व विकसित देशबाट पूरा भएको छैन । महासन्धिको अक्षरशः पालनामा तत्परता देखाउने हो भने अनुकूलनका लागि वित्त पोषण र जलवायु लचिलोपनमा लगानी गर्न विकसित देशहरू इमान्दार हुनुपर्छ । यसै सन्दर्भमा, जलवायु वित्त, अनुकूलन, पर्वतीय प्रविधि हस्तान्तरण, क्षमता अभिबृद्धिको एजेन्डामा सहयोग याचना गर्ने होइन, अधिकार प्राप्त गर्ने हैसियतमा नेपालको तर्फबाट अन्तर्राष्ट्रिय मञ्चहरूमा कुरा राख्न ढिला भइसकेको छ ।

हिमालदेखि समुद्रसम्मको जैविक विविधतामा खतरा सिर्जना गराउने वातावरणीय प्रदुषण र त्यसका कारण हुने जलवायु परिवर्तनको असरका मूल कारक ठूला औद्योगिक र विकसित देश हुन् । तिनले उत्सर्जन गर्ने अधिक मात्राको कार्बनका कारण भइरहेको जलवायु परिवर्तनको असर नेपालजस्ता मुलुकले बेहोर्नु परिरहेको छ । यो अन्याय विरूद्ध न्याय र अधिकारको आवाज उठाउँदै जलवायु वित्तको पहुँचमा देखिएको प्रक्रियागत कठिनाई, कोषको बाँडफाँटमा देखिएको असमानता हटाउन सम्बन्धित निकायहरूसँग पहल गर्न जरूरी छ । अहिले जलवायु परिवर्तनमा भइरहेको लगानी महाशक्ति राष्ट्रका कठोर शर्तसहित बढी ऋण केन्द्रित भएको विषयप्रति गम्भीर हुँदै यसलाई बदल्दै अनुकूलन र उत्थानशीलताको लागि प्रदान गरिने वित्त अनुदान दाताहरूको ईच्छा र स्वार्थ अनुकूल होइन, नेपालको राष्ट्रिय हित अनुकूल हुने गरी जलवायु न्यायको रूपमा पाउनुपर्ने सुनिश्चितताका लागि पैरवी र दाबी गर्नु बाञ्छनीय छ । त्यस्तै, हरित जलवायु कोष र अन्य कोषहरूमा आवेदन प्रक्रियाको सरलीकरण र क्षमता अवरोधहरू हटाउन एवं जलवायु कोषमा प्रत्यक्ष पहुँच सुधार गर्न सशक्त रूपमा बहस पैरवी गर्नुपर्दछ ।

संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले हालै गर्नुभएको नेपाल भ्रमणमा समेत जलवायु परिवर्तनको कारणले नेपालले भोगिरहेका समस्या, खास गरी हिमाली क्षेत्रमा तीव्र गतिमा भइरहेको हिमस्खलन, जैविक

क्रमशः

विविधताको ह्रास र जीविकोपार्जनमा परेको प्रभावलाई विश्वसामु प्रस्तुत गरी जलवायु वित्तमा पहुँच बढाउन र जलवायु न्यायका लागि सरोकारवालाहरूलाई जवाफदेही बनाउन अन्तर्राष्ट्रिय समुदायको ध्यान आकृष्ट गर्नुभएको छ ।

यसैबीच गत मंसीर १४ गतेदेखि २६ गतेसम्म दुबईमा सम्पन्न जलवायु परिवर्तन सम्बन्धी महासन्धिका पक्ष राष्ट्रहरूको अट्ठाइसौं सम्मेलन (COP-28) मा नेपालले "हामीले गर्दै नगरेको कामको मूल्य चुकाउन सक्दैनौं, जसले कार्बन उत्सर्जनमा कमजोरी गरेको छ, उसले हाम्रो अधिकारका रूपमा जलवायु कोषमार्फत् क्षतिपूर्ति दिनुपर्छ" भन्दै जलवायु अनुदानसम्मको पहुँचलाई याचना नभई अधिकारका रूपमा स्थापित गर्न सफल भएको छ । औद्योगिक तथा छिमेकी राष्ट्रहरूका कारण बेहोर्नुपर्ने प्रदुषणको समस्यालाई विशेष महत्व दिएर पीडित देशहरूले क्षतिपूर्ति पाउनुपर्ने जलवायु न्यायको आवाजमा पनि नेपाली स्वर थपिन पुगेको छ । केही कानूनविद्हरूले त वित्त पोषणको दायित्व पूरा नगरेकोमा विकसित र अधिक कार्बन उत्सर्जन गर्ने मुलुकहरूलाई जवाफदेही तुल्याउन अन्तर्राष्ट्रिय न्यायालयको ढोका ढक्ढकाउन सकिनेसम्मको उपायसमेत सुझाएका छन् ।

यस पृष्ठभूमिमा तलका प्रश्नहरूको उत्तर दिनुहोस् । ८+५+६+६=२५

क) जलवायु वित्त (Climate Finance), आधुनिक प्रविधि र अरूले हासिल गरेका असल अभ्यास, ज्ञान र सीपसम्मको सहज र सुलभ पहुँचलाई नेपाल जस्ता विकासशील र विश्व तापमान बृद्धिमा अत्यन्तै न्यून योगदान भएका मुलुकहरूको अधिकारकै रूपमा स्थापित गर्ने दिशामा अन्तर्राष्ट्रिय कानूनमा के कस्ता प्रावधानहरू रहेका छन्? ती प्रावधानहरूबाट अत्यधिक लाभ लिन नेपालले के कस्तो भूमिका निर्वाह गर्नुपर्ने देख्नुहुन्छ?

ख) विश्वका प्रमुख कार्बन उत्सर्जनकर्तालाई तुरुन्तै उत्सर्जन घटाउन, विकसित राष्ट्रहरूलाई जलवायु वित्त उपलब्ध गराउन स्मरण, वित्त अनुदानमा बढोत्तरी र क्षति एवं नोक्सानीको परिपूरणको विषय सम्बोधन गर्न के गर्नुपर्ला?

ग) नेपाल जस्तो बहुलबादी समाजमा जलवायु परिवर्तन कार्यक्रम कार्यान्वयन गर्दा लैंगिक समानता, सामाजिक समावेशीकरण, जीविकोपार्जन तथा सुशासन, अध्ययन अनुसन्धान र प्रविधि, जनचेतना अभिबृद्धि तथा प्रचारप्रसार जस्ता अन्तरसम्बन्धित विषयबस्तुलाई कसरी सँगै लिएर जान सकिन्छ?

घ) अन्तर्राष्ट्रिय जलवायु वित्तीय संयन्त्रहरूबाट लाभ भित्र्याउँदै देशभित्रै भएका श्रोतहरूको प्रभावकारी परिचालन गरी प्रभावित क्षेत्र र समुदायमा ठोस कार्यक्रम र क्रियाकलापमा लगानी गर्ने के कस्ता नीतिगत, कानूनी र संरचनागत पक्षहरूमा ध्यान दिनुपर्ने ठान्नुहुन्छ?

«««समाप्त»»»